"न्यायपालिकाको स्वतन्त्रता: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

## बागलुङ

पत्र संख्या:- ०७७/७८
चलानी नं:- २६४३

प्रशासन शाखा

गण्डकी प्रदेश
मिति:-२०७८/३।०१

## सेवा स्थगनबारेको सूचना !

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्टसहितको कोरोना भाईरस (Covid-19) को संक्रमणका कारण न्यायका उपभोक्ता तथा कार्यरत जनशक्तिसमेतको स्वास्थ्य सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ गते जारी प्रेस विज्ञप्ति एवं कोरोना भाईरस (Covid-19) को संक्रमण फैलावट रोक्न (Chain Break) तथा सोको नियन्त्रणलाई प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय, बागलुङले मिति २०७८।१।२१ गतेदेखि लागु हुने गरी पटकपटक गरी मिति २०७८।२।३१ गतेसम्म निषेधाज्ञा जारी गरिसकेकोमा सो निषेधाज्ञा अवधिभरका लागि यस अदालतबाट भई आएका सेवाहरु मध्ये निम्न सेवाबाहेकका अन्य सबै सेवाहरु स्थगन गरिएकोमा पुनः निषेधज्ञाको समयावधि मिति २०७८।३।०७ सम्म थप गर्ने भन्ने जिल्ला प्रशासन कार्यालय, बागलुङबाट सूचना प्रकाशित भएको र सो समायावधिमा सेवाग्राही समेतलाई आउन जान असुविधा हुने अवस्थासमेतलाई मध्यनजर गरी मिति २०७८।३।१ गतेदेखि मिति २०७८।३।०७ गते गतेसम्म पूर्वसूचना अनुसार तपसीलका सेवाबाहेक अन्य सेवा स्थगन गरिएको बेहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निषेधाज्ञाका कारण काम कारवाही स्थगन भएको अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख नगुज्रने बेहोरा अनुरोध छ । यसबाट कानुन व्यवसायी, न्यायका उपभोक्तालगायत सम्वन्धित सबैमा पर्न गएको असुविधाप्रति अदालत क्षमाप्रार्थी छ ।

### सञ्चालनमा रहेका सेवाहरु

१. पक्राउ अनुमति, पक्राउ स्वीकृति र म्याद थप ।
२. अभियोगपत्र दर्ता, बयान तथा थुनछेक ।
३. मिलापत्र, मुद्दा फिर्ता (दर्ता भैसकेका मुद्दाहरुको हकमा मात्र) ।
४. विशेष प्रकृतिका निवेदन दर्ता ।
५. बन्दीप्रत्यक्षीकरणको निवेदन।
६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदनहरु।
७. बालबालिकाको सर्वोत्तम हित अनुकुलका निवेदनहरु ।

२०७८/३/१
..................
(सूर्यप्रसाद भण्डारी)
स्रेस्तेदार